नतिजामुखी प्रशासनः 'समृद्धि र सुशासन'

# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

मिति :-२०७७/०७/०४

## स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति -२०७७-०७-०४)

गण्डकी प्रदेश स्याङ्जा जिल्लामा कोभिड १९ उपचार, रोकथाम र नियन्त्रण गर्न भीरकोट नगरपालिका वडा नं १ को कालिका सामुदायिक अस्पताल हेलुमा संचालन हुने कोभिड १९ अस्थायी अस्पतालको लागि देहाय बमोजिमका पदहरु सेवा करारमा लिनुपरेको हुनाले उक्त पदहरुको लागि योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क.स. | बिज्ञापन न. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००३/२०७७/०७८ | मेडिकल अधिकृत | आठौ तह | १ |
| २ | ००४/२०७७/०७८ | स्टाफ नर्स | पाँचौ तह | २ |
| ३ | ००५/२०७७/०७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ |

१. आवस्यक न्युनतम योग्यता र अनुभव :-

- विज्ञापन नं ००३ मेडिकल अधिकृतको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS परीक्षा उत्तिर्ण गरी NMC मा दर्ता भएको,
- विज्ञापन नं ००४ स्टाफ नर्स लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तिर्ण गरी नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
- विज्ञापन नं ००५ कार्यालय सहयोगीको लागि साधरण लेखपढ गर्न सक्ने ।

२. उमेर :- कम्तिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको

**दरखास्त दिने स्थान** :- भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा

**दरखास्त दिने अन्तिम मिति** : २०७७/०७/१८ गते कार्यालय समय सम्म (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट)

**आवेदन दस्तुर** :विज्ञापन नं ००३ मेडिकल अधिकृतको लागि रु १०००/,

विज्ञापन नं ००४ स्टाफ नर्स को लागि रु.५००/-

विज्ञापन नं ००५ कार्यालय सहयोगीको लागि रु.३००/-

**छनौट किसिम** : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र अन्तर्वार्ता

**आवेदन साथ संलग्न गर्नु पर्ने कागजात** : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु

- रित पूर्वकको निवेदन (कार्यालयबाट प्राप्त हुने)
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपी
- कार्यअनुभव भएमा सम्बन्धित संस्थाबाट प्रमाणित गरेको कागजातको प्रतिलिपी
- २ प्रति पासपोर्ट साईजको फोटो

**सेवा सुबिधाः**-नेपाल सरकारले तोके बमोजिम हुने छ ।

नोट : आवेदनको ढाचा र अन्य जानकारीको लागि भीरकोट नगरपालिकाको website:-www.bheerkotmun.gov.np मा हेर्नु हुन वा नगरपालिका कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

राजेन्द्र प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत